puspas.com.np

# पाठ ९

# हाम्रो संस्कृति

**शब्दार्थ**

जीवनशैली : जीवन बाँच्ने तरिका
अनेकन् : धेरै, अनेक
समष्टि : उस्तै खालका वस्तुहरूको मेल, समूह, जमात
एकताबद्ध : एक भएको
कडी : जुक्ति, उपाय
आचार संहिता : नैतिक नियम लेखिएको शास्त्र
एकाकार : एक भएको
अभिन्न : भिन्न नभएको, नछुट्टिएको
आड : अडिने ठाउँ, भरोसा दिने वस्तु
त्रास : डर
उन्मुख : त्यतातिर फर्केको
हाउगुजी : डरलाग्दो
सापेक्षता : कुनै कुरासँग सम्बन्धित
ग्रहण : लिने वा बुझ्ने काम
प्रामाणिकता : प्रमाण पुगेको
अवलोकन : ध्यान दिएर अध्ययन गर्ने काम
पारख : गुणदोष छुट्याउने काम
सम्मत : सहमत, स्वीकृत
पुर्खा : बाबुबाजे, पूर्वज
पहिचान : चिनारी
समयक्रम : समयअनुसार
यथावत् : जस्ताको तस्तै, उस्तै
विगत : बितेको
आर्थिक प्रणाली : उत्पादन वा कमाइको तरिका
रीतिरिवाज : पहिलेदेखि चलिएआएको चाल चलन, परम्परा
रहनसहन : लवाइ, खवाइ, व्यवहार
सहरीकरण : सहर बनाउने काम
अपरिवर्तनशील : परिवर्तन नहुने गुण
असीमित : सीमा नभएको
परिष्कार : शुद्ध पारिएको
सन्दर्भ : सिलसिला, प्रसङ्ग
संस्कार : अवगुण, दोष आदि हटाई शुद्ध पारिएको, जन्म, मृत्यु, विवाह आदि कर्म
समयानुकूल : समयअनुसार मिल्दोजुल्दो
वाङ्मय : भाषामा लेखिएको ग्रन्थ
अनुसरण : कुनै विचार वा व्यक्तिको पछि लाग्ने काम, पालना गर्ने काम
उद्गम स्थल : उत्पत्ति हुने ठाउँ
सहिष्णुता : सहनशीलता, सहने गुण

pisppas.com.np

विकृति : खराब कुरा
प्रश्रय : आड, भरोसा
विभेद : छुट्याउने काम
उत्पीडन : पीडा, कष्ट, सताउने काम
दाइजो : विवाहमा दुलहीका बाबुआमाले दुलहीलाई दिइने रुपियाँ, कपडा, गहना आदि धनमाल
तिलक : विवाहमा दुलही पक्षले दुलहालाई दिने धन, सम्पत्ति
बलिप्रथा : देवी देवताका नाममा पशुहरू काटेर भोग दिने चलन
प्रथा : पिता पुर्खाका पालादेखि चलिआएको चलन

## अभ्यास

पेज ८४

### सुनाइ

**१. निबन्धको पहिलो अनुच्छेद सुन्नुहोस् र संस्कृति भनेको के हो, भन्नुहोस् ।**

**उत्तर:** संस्कृति भनेको राष्ट्र, जाति र समुदायलाई चिनाउने मुख्य आधारका साथै समाजलाई एकताबद्ध गर्ने कडी पनि हो ।

**२. निबन्धको दोस्रो अनुच्छेद सुन्नुहोस् र धर्म र संस्कृतिका बिचको अन्तर भन्नुहोस् ।**

**उत्तर:** धर्म भन्ने कुरा ईश्वर, स्वर्ग, नरक आदि विश्वाससँग सम्बन्धित छ भने संस्कृति मानिसका आचार तथा व्यवहारसँग सम्बधित छ । यही नै धर्म र संस्कृतिका बिचको अन्तर हो ।

**३. निबन्धको तेस्रो अनुच्छेद सुन्नुहोस् र तलका प्रश्नको उत्तर दिनुहोस् ।**

**(क) आजको समाज कतातर्फ उन्मुख हुँदै गइरहेको छ ?**

**उत्तर:** आजको समाज वैज्ञानिक चिन्तनतर्फ उन्मुख हुँदै गइहेको छ ।

**(ख) विज्ञानको सापेक्षता भनेको के हो ?**

**उत्तर:** विज्ञानको सापेक्षता भनेको विज्ञानसँग सम्बन्धित वा विज्ञान सम्मत भन्ने हो ।

**(ग) विज्ञानले कुन कुरामा विश्वास गर्छ ?**

**उत्तर:** विज्ञानले प्रामाणिकतामा विश्वास गर्दछ ।

**(घ) अबको संस्कृति कस्तो हुनुपर्छ ?**

**उत्तर:** अबको संस्कृति अनुमान र अन्य विश्वासमा नभई मानव हितका लागि विज्ञान सम्मत हुनुपर्छ ।

**४. निबन्धको नवौं अनुच्छेद सुन्नुहोस् र त्यसको सारांश भन्नुहोस्**

**उत्तर:** नेपाल बहु सांस्कृतिक मुलुक हो । मधेस, पहाड र हिमालमा आआफ्नै प्रकारका संस्कृति छन् । सबै मिलेर राष्ट्रिय संस्कृतिको निर्माण भएको छ । अनेक जातजाति, भाषाभाषी, धर्मसंस्कृति आदिको योगले साझा रूप तयार भएको छ । आज विविधता नै नेपाली संस्कृतिको मूल पहिचान बनेको छ ।

### बोलाइ

**५. तलका शब्दहरूको ठिक उच्चारण गर्नुहोस् :**

**जीवनशैली, अनेकन्, समष्टि, एकताबद्ध, जुक्ति, आचार संहिता, अभिन्न, आड, त्रास, सिद्धान्त, ग्रहण, प्रामाणिकता, सम्मत, स्वीकृत, आर्थिक प्रणाली, रीतिरिवाज, अपरिवर्तनशील, परिष्कार, सन्दर्भ, उद्गम स्थल**

**उत्तर:** दिइएका शब्दहरू विद्यार्थीले शुद्धसँग उच्चारण गर्ने, उच्चारण गर्न नसके शिक्षकको सहयोग लिने ।

puspas.com.np

६. **तलका शब्दलाई वाक्यमा प्रयोग गरी भन्नुहोस् :**
**जमात, कडी, जुक्ति, एकाकार, उन्मुख, हाउगुजी, सापेक्षता, अवलोकन, पारख, पहिचान, यथावत्, विगत, रहनसहन, सहरीकरण, संस्कार, समयानुकूल, वाङ्मय, अनुसरण, मौलिक, विकृति, दाइजो, तिलक, प्रथा**

उत्तर: जमात - रत्नपार्कमा मानिसको जमात देखेर विनिल छक्कै पऱ्यो ।
कडी - फटाहालाई तह लगाउने कडी अपनाउनै पर्छ ।
जुक्ति - जुक्ति लगाएर गह्रौं भारी उचालियो ।
एकाकार - दोभानमा मिसिएपछि दुई नदी एकाकार बने ।
उन्मुख - नेपालको संस्कृति विकृतितर्फ उन्मुख छ ।
हाउगुजी - उसलाई अङ्ग्रेजीको परीक्षा हाउगुजी भएको छ ।
सापेक्षता - हिजोको सापेक्षतामा आज कम गर्मी भयो ।
अवलोकन- शैक्षिक भ्रमण जाँदा हामीले लुम्बिनीमा मायादेवी मन्दिरको अवलोकन गऱ्यौं ।
पारख - जौहरीले हिरामोतीको पारख गर्न जान्दछ ।
पहिचान - राजकुमारले गुणकारी जडीबुटीको पहिचान गर्न सक्छ ।
यथावत् - घटनाको विवरण यथावत् प्राप्त भयो ।
विगत - विगत लामो समयदेखि राजेन्द्र विदेशमा बस्दै आएको छ ।
रहनसहन - हरेक जातिको रहनसहन फरक रहेको पाइन्छ ।
सहरीकरण - सहरीकरणसँगै नेपालीहरूको जीवनस्तरमा वृद्धि भएको छ ।
संस्कार - हामीले साना नानीहरूलाई असल संस्कार सिकाउनुपर्छ ।
समयानुकूल - मानिसले आफूलाई समयानुकूल परिवर्तन गर्दै लैजानुपर्छ ।
वाङ्मय - नेपाली वाङ्मयका क्षेत्रमा थुप्रै लेखकहरूको योगदान रहेको छ ।
अनुसरण - हामीले सधैं असल कामको अनुसरण गर्नुपर्छ ।
मौलिक - विद्यार्थीले कक्षामा धेरै मौलिक प्रश्न सोधेका थिए ।
विकृति - नेपाली संस्कृतिमा विकृतिहरू भित्रिँदै छन् ।
दाइजो - भाउजूले माइतबाट थुप्रै दाइजो लिएर आउनुभयो ।
तिलक - तराईमा तिलक प्रथाको चर्को विरोध हुन थालेको छ ।
प्रथा - नेपाली समाजमा छुवाछुत प्रथा अझै कायम रहेको पाइन्छ ।

७. **चौथो अनुच्छेदलाई सस्वर वाचन गर्नुहोस् र ती अनुच्छेद पढ्न तपाईंलाई कति समय लाग्यो, साथीबाट सुन्नुहोस् ।**

उत्तर: कक्षामा विद्यार्थीले चौथो अनुच्छेद सरस्वर वाचन गर्ने र त्यो अनुच्छेद पढ्न आफूलाई कति समय लाग्यो अर्को साथीलाई सोध्ने ।

८. **एउटै कक्षामा पढ्ने भिन्न भिन्न संस्कृतिका दुई साथीहरूका बिचमा कुराकानी गरी हाउभाउसहित कक्षामा प्रस्तुत गर्नुहोस् ।**

उत्तर: रामजनम : पासाङ म त भोलि छठ पूजाको लागि घरमै बस्छु, बुझ्यौ ?
पासाङ : म पनि ल्होसार मनाउने दिन घरमा होइन टुडिखेलमा गएर मनाउँछु । घरमा त मनाउने नै हो नि ।
रामजनम : पहिले त घरमै तयारी गर्नु पऱ्यो नि होइन र ?
पासाङ : हो त, मलाई पनि छठ पर्व खुब मन पर्छ यार ।
रामजनम : मलाई पनि त तिम्रो ल्होसार कम मन पर्छ त । अझ भोटे सेलो नाचेको देख्दा त मलाई पनि नाचूँ नाचूँ लाग्छ ।
पासाङ : तिम्रो छठ पर्व त अचेल सबैले मान्न थालेका छन् रे हो ?

puspas.com.np

रामजनम : हो त हिजोआज मधेस, पहाड, र हिमालमा समेत छठपर्व सबैले मनाउन थालेका छन् । यसमा सूर्यको उपासना गरिने भएकाले जसले मनाए पनि के भयो र !

पासाङ् : राम्रो संस्कृति यस्तै छ । सबै मिलेर मनाउने हो ।

रामजनम : हो त । तिम्रो कुरा मलाई पनि राम्रो लाग्यो ।

९. **तपाईं आफूलाई स्वदेशप्रति कस्तो धारणा राख्ने व्यक्तिका रूपमा चिनाउन चाहनु हुन्छ, कक्षामा सुनाउनुहोस् ?**

उत्तर: म आफूलाई नेपाली संस्कृतिप्रति सकारात्मक धारणा राख्ने व्यक्तिका रूपमा चिनाउन चाहन्छु । मलाई विदेशी संस्कृति मन नपर्ने होइन तर आफ्नो मौलिक संस्कृतिमा त्यसले आँच पुऱ्याउनु हुन्न भन्ने मेरो धारणा छ । नेपाली संस्कृतिमा विविधता देखिन्छ । यही नै नेपाली संस्कृतिको मौलिकता हो । यस संस्कृतिलाई जोगाइ राख्नु सबै नेपालीको कर्तव्य हो भन्ने मेरो धारणा छ । यस धारणालाई म आजीवन पालना गर्न चाहन्छु ।

## पढाइ

१०. **पाठका अनुच्छेदहरू पालैपालो सस्वर वाचन गर्नुहोस् ।**

उत्तर: पाठका अनुच्छेदहरू विद्यार्थीले कक्षामा पालैपालो सस्वर वाचन गर्ने ।

११. **निबन्ध पढी तल सोधिएका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) **संस्कृति भनेको के हो ?**

उत्तर: संस्कृति भनेको मानिसको सामूहिक जीवनशैली हो । संस्कृतिले कुनै राष्ट्र, जाति वा समुदायको सामाजिक जीवन, आर्थिक व्यवस्था, राजनीति, चाल चलन, खानपान, पहिरन, चिन्तन आदि अनेक कुरालाई जनाउने गर्छ । यसै गरी भाषा, साहित्य, धर्म, कला, दर्शन, चाडपर्व परम्परा आदिको समष्टि नाम नै संस्कृति हो । संस्कृतिले कुनै राष्ट्र, जाति वा समुदायका मानिसमा खाने तरिका, बोल्ने तरिका, सोच्ने तरिका, हिँड्ने तरिका, बस्ने तरिका आदिलाई समेत जनाउँछ । यसरी संस्कृति कुनै पनि राष्ट्र, जाति वा समुदायलाई चिनाउने मुख्य आधार हो । यस्तै संस्कृति समाजलाई एकताबद्ध बनाउने एउटा कडी पनि हो । यस्तै गरी संस्कृति मानिस वा समुदायको आचार संहिता पनि हो र पुर्खाहरूको मौलिक आर्जन हो ।

(ख) **नेपाल सांस्कृतिक दृष्टिले अत्यन्त समृद्ध छ भन्ने कुरालाई पुष्टि गर्नुहोस् ।**

उत्तर: नेपाल सांस्कृतिक दृष्टिले अत्यन्त समृद्ध छ । भौगोलिक दृष्टिले सानो भए पनि यहाँ विविध जातजाति, भाषाभाषी र धर्म संस्कृति मान्ने मानिसहरूको बसोबास रहेको छ । त्यसैले नेपालमा विविध प्रकारको संस्कृति विद्यमान छ । नेपालमा मूलतः वेद, पुराण आदि संस्कृत वाङ्मयको अनुसरण गर्ने संस्कृति छ । संस्कृत वाङ्मयको अनुसरण गर्ने हिन्दु संस्कृति संसारका विकसित संस्कृतिमध्ये एउटा मानिन्छ । त्यस्तै नेपाल गौतम बुद्धको जन्मभूमि हो र संसारमा लोकप्रिय रहेको बौद्ध संस्कृतिको उद्गम स्थल पनि नेपाल नै हो । नेपालमा श्रममा आधारित र प्रकृतिलाई पूजा गर्ने आफ्नै मौलिक संस्कृति पनि छ । त्यसैले नेपाल एउटा बहु सांस्कृतिक मुलुक हो । यसरी नेपालको राष्ट्रिय संस्कृति विविधताको संस्कृति हो । नेपालमा हिमाल, पहाड, मधेस तथा काठमाडौं उपत्यका लगायत विविध ठाउँमा अलग अलग प्रकारका संस्कृति छन् । त्यस्तै हरेक जातिका आ-आफ्नै संस्कृति पनि छन् । बाह्य संस्कृतिले अतिक्रमण गर्न खोजे पनि यहाँका विविध जातजाति, भाषाभाषी र धर्म संस्कृति मान्नेहरूले आआफ्नो संस्कृति बचाइ राखेका छन् । यसरी नेपाली संस्कृति विविधताका साथै अत्यन्त समृद्ध पनि रहेको छ ।

puspas.com.np

**(ग) नेपाल सांस्कृतिक विविधता भएको देश भनेर किन भनिएको हो ?**

**उत्तर:** वास्तवमा नेपाल एक बहुसांस्कृतिक मुलुक हो र सांस्कृतिक विविधता नै नेपाली संस्कृतिको मूल पहिचान हो । यहाँ अनेक जातजाति, भाषाभाषी तथा धर्म संस्कृति मान्ने मानिसहरूको बसोबास रहेको छ । यहाँ दसैं तिहार, छठ, ल्होसार उधौली, उभौली जस्ता राष्ट्रिय चाडपर्वहरूले सबैलाई छुने गर्छन् । देउडा, गौरा, लाखे, सेलो, सँगिनी, हाकपारे, मारुनी, चुड्का, ख्याली, रोदी, धाननाच, माघी, होली, साकेला, देउसी, भैलो आदि चाडपर्व र प्रचलनहरू नेपालीहरूका साझा सम्पत्ति बनेका छन् ।

नेपाली समाजमा कतिपय चाडपर्वहरू साझा संस्कृतिका द्योतक बन्दै गएका छन् तापनि नेपालमा मधेस, पहाड र हिमालमा अलग अलग प्रकारका संस्कृति छन् । मधेसमा मुख्यत: मिथिला, भोजपुरा, अवध आदि संस्कृतिहरू प्रचलित छन् । थारू, सतार, मेचे, दनुवार, धिमाल, राजवंशी आदिका आफ्नै मौलिक संस्कृति छन् । त्यस्तै मुस्लिमहरूको पनि छुट्टै, संस्कृति रहेको छ । पहाडमा तामाङ, गुरुङ, मगर, राई, लिम्बुका आफ्नै सांस्कृतिक पहिचान छन् । हिमाली क्षेत्रमा शेर्पा लगायतका विभिन्न जातिका आफ्नै प्रकारका संस्कृति छन् । त्यसैले नेपाललाई सांस्कृतिक विविधता भएको देश भनिएको हो ।

**१२. पाठ पढेपछि तपाईं लेखकका कुन-कुन विचारमा सहमत वा असहमत के हुनुहुन्छ, आफ्नो धारणा लेख्नुहोस्**

**उत्तर:** पाठ पढेपछि म लेखकका प्राय: सबै विचारसित सहमत छु । लेखकले सुरुमा संस्कृतिका बारेमा दिएको परिचय निकै गहन र तार्किक छ । त्यस्तै संस्कृतिलाई धर्मसँग जोडेर हेर्ने अनि तदनुरूपको व्यवहार गर्ने अवैज्ञानिक प्रचलन रहेको कुरासित पनि म सहमत छु । आज हरेक कुरालाई वैज्ञानिक दृष्टिले हेरिन्छ र त्यस्तै संस्कृतिको विकास भइरहेको छ भन्ने लेखकको विचारप्रति पनि मेरो सहमति छ । नेपाल बहुजातीय, बहुसांस्कृतिक, बहुभाषिक तथा बहुधार्मिक मुलुक हो भन्ने लेखकको विचारसित सहमत नहुने कुरै भएन । आज नेपाली संस्कृतिमा अनेक विकृतिहरू भित्रिँदै छन् भन्ने कुरामा पनि विमति जनाइ राख्नु पर्ने कारण केही छैन । त्यसै गरी हाम्रो संस्कृतिको मौलिकतालाई बचाउँदै समयानुकूल परिवर्तन गर्दै लैजानु पर्छ भन्ने कुरामा समेत मेरो पूर्ण सहमति रहेको छ ।

## लेखाइ

**१३. पाठको दसौँ अनुच्छेदबाट मुख्य-मुख्य पाँच बुँदा टिपी सारांश लेख्नुहोस् ।**

**उत्तर:**

(क) साकेला, धाननाच, ल्होसार, होली, इन्द्रजात्रा लगायतका जात्रामा सबै जातिका मानिसहरू उत्तिकै खुसीसाथ रमाइरहेका देखिने,

(ख) तराईमा मात्र मनाइने छठ पहाडमा मनाउन थालिएको र सांस्कृतिक सहिष्णुताको उदाहरण बनेको,

(ग) आमाबुबा, गुरु र पाहुनालाई देवता सरह मान्ने चलन नेपालीहरूको साझा संस्कृतिका रूपमा रहेको,

(घ) आपसमा सरसहयोग गर्ने, बाटामा वरपिपल रोप्ने र पाटी बनाएर धर्म प्राप्त गर्ने अनि सबैको भलो चाहने नेपाली संस्कृति रहेको,

(ङ) नेपाली संस्कृतिमा सबै खुसी र निरोगी होऊन्, सबैले सम्मानपूर्वक बाँच्न पाऊन भन्ने भाव रहेको ।

pisspas.com.np

### नेपाली संस्कृतिको महत्त्व

विविधतामा एकता देखिने नेपाली संस्कृतिमा साकेला धाननाच, ल्होसार, होली, इन्द्रजात्रा लगायतका जात्रामा सबै जातिका मानिसहरू रमाइरहेका देखिन्छन् । पहिले तराईमा मात्र मनाइने छठ पहाडी क्षेत्रमा पनि मनाउन थालिएको छ र यस्तो धार्मिक सहिष्णुताका उदाहरण धेरै पाइन थालेको छ । बाबुआमा, गुरु र पाहुनालाई देवता सरह मान्ने चलन नेपालीहरूको साझा संस्कृतिका रूपमा रहेको छ । यस्तै आपसमा सरसहयोग गर्ने एवम् बाटामा वरपिपल रोप्ने र पाटी पौवा बनाई धर्म प्राप्त गर्ने अनि सबैको भलो चाहने नेपाली संस्कृतिमा सबै सुखी एवम् निरोगी होऊन् र सम्मानपूर्वक बाँच्न पाऊन् भन्ने भाव रहेको पाइन्छ ।

१४. **पाठबाट तपाईंले थाहा पाएका मुख्य नयाँ कुराहरू के-के हुन्, लेख्नुहोस् ।**

उत्तर: पाठबाट मैले मुख्य रूपमा नयाँ कुराहरू धेरै थाहा पाएँ । पाठको अध्ययन पश्चात् संस्कृतिको परिभाषाका साथै संस्कृति आचार संहिता पनि रहेको थाहा पाएँ । यस्तै संस्कृतिमा धर्मलाई जोड्ने र गलत अर्थ लगाउने कुराका अतिरिक्त संस्कृतिलाई विज्ञान सम्मत ढङ्गले हेर्न थालिएको कुरा पनि थाहा पाएँ । यसैगरी नेपालका धेरै चाडपर्वहरूलाई तराई, पहाड र हिमाली क्षेत्रमा बसोबास गर्ने नेपालीहरूले साझा रूपमा मनाउन थालेको पनि थाहा पाएँ ।

१५. **व्याख्या गर्नुहोस् :**

(क) **संस्कृतिको चरित्र परम्परागत हुन्छ तर अपरिवर्तनशील भने हुँदैन ।**

उत्तर: संसारमा हरेक कुराको परिवर्तन भइरहन्छ । परिवर्तन भइरहनु सांसारिक नियम हो । यो प्रकृति प्रदत्त नियम पनि हो । त्यस्तै मानिस सधैं एकै नासको जीवनशैलीभन्दा भिन्न प्रकारको जीवनशैली रुचाउन चाहने प्राणी हो । उसका चाहना र आवश्यकताहरू असीमित हुने गर्छन् । आफ्ना चाहना र आवश्यकता पुरा गर्न नयाँ नयाँ अवसरहरूको खोजी गर्नु मानिसको चरित्र हो । मानिसले अँगालेका संस्कृतिको चरित्र परम्परागत भए पनि यसमा समयानुकूल परिवर्तनहरू भइरन्छन् ।

मानिसले अँगाल्ने संस्कृति परम्परागत हुन्छ । परिवार, समाज र आफ्नो वरिपरिको परिवेशले निर्माण गरेको संस्कृतिलाई मानिसले अनादिकालदेखि अँगाल्दै आएको छ । पूर्वीय सभ्यता अनुसार बाबुआमा, गुरु र पाहुनालाई देवतासरह मानी सम्मान गरिन्छ । यो आजको परम्परा होइन । धेरै अघिदेखि यस्ता थुप्रै सांस्कृतिक कुराहरू नेपाली समाजलाई अँगाल्दै आएको छ । त्यसैले संस्कृति मूलतः परम्परागत हुन्छ । यो परम्परागत भए पनि सधैं एकै प्रकारको भने हुन्न । यसमा समय र परिस्थिति अनुसार परिवर्तन भइरहन्छ । हिजो हाम्रो संस्कृति यस्तो थियो, आज पनि त्यसैलाई अनुसरण गर्नुपर्छ भन्ने हुँदैन । समाजले चाहे अनुसार संस्कृतिमा परिवर्तन हुँदै जान्छ र यो अपरिवर्तनीय हुँदैन ।

(ख) **अन्धविश्वास, विभेद, शोषण, उत्पीडन आदि संस्कृति नभएर विकृति हुन् ।**

उत्तर: कुनै पनि संस्कृतिभित्र अनेक कुराले विकृति भित्र्याइरहेको हुन्छ । संस्कृतिलाई विकृत बनाउने समाज र समाजमा बस्ने मानिस नै हुन् । भलाइको लागि अपनाइने संस्कृतिलाई मानिसले आफ्नो स्वार्थअनुकूल बनाएर त्यसभित्र विकृति निम्त्याउने काम गर्छन् । त्यस्ता विकृतिले समाजमा अनेकौं समस्याहरू सिर्जना गर्छन् ।

संस्कृतिलाई विकृत बनाउने महत्त्वपूर्ण पक्षहरूमा अन्धविश्वास पनि एक हो । अन्धविश्वासका कारण संस्कृतिमा विकृति उत्पन्न हुने गर्छ । नेपाली समाजिक प्रचलित बोक्सी, छुवाछुत, बलिप्रथा, छौपडी आदि अन्धविश्वासकै परिणति हुन् । यस्तै सानोठुलो, गरिब धनी छुतअछुत, महिलापुरुष आदि विभेदहरू पनि नेपाली संस्कृतिका विकृत रूप हुन् । यसैगरी सामाजिक

puspas.com.np

शोषण, उत्पीडन पनि संस्कृतिका विकृत रूपभित्रै पर्दछन् । कुनै पनि संस्कृतिले यस्तो विकृतिलाई प्रश्रय दिँदैन तर समाजमा यस्ता विकृति देखिने गर्छन् । यस्ता कुराहरूले संस्कृतिलाई कुरूप बनाउने काम गर्छन् ।

**१६. "विविधतामा एकता र आपसी सहिष्णुता हाम्रो संस्कृतिको विशेषता हो" भन्ने भनाइलाई तर्कसहित पुष्टि गर्नुहोस् ।**

**उत्तर:** नेपाल विविध जातजाति, भाषाभाषी र धर्मसंस्कृति मान्ने मानिसहरूको बसोबास भएको मुलुक हो । यहाँ तराईदेखि पहाड तथा हिमालसम्म बसोबास गर्ने मानिसहरू थुप्रै जातका र थुप्रै भाषा बोल्ने रहेका छन् । अनेक जातजाति र भाषाभाषीको साझा फुलबारीका रूपमा नेपाल धेरै अघिदेखि चिनिँदै आएको छ । यहाँ विविधता भए पनि एकता कायम छ । जाति, भाषा र धर्मका आधारमा यहाँ कहिल्यै कलह भएको छैन । हिन्दु धर्मावलम्बीहरूले बौद्ध धर्मावलम्बीहरूलाई, बौद्ध धर्मावलम्बीहरूले हिन्दु धर्मावलम्बीहरूलाई सम्मान गर्ने संस्कृति यहाँ रहेको छ । त्यस्तै तराईका मानिसहरूले मान्दै आएको छठ जस्तो चाडपर्वलाई पहाडकाले मान्नु र पहाडे समुदायले मान्दै आएका कतिपय चाडपर्वलाई मधेसी समुदाय मान्नु धार्मिक सहिष्णुताको सुन्दर पक्ष हो । त्यसैले आपसमा अर्काको संस्कृतिको सम्मान र आदर हाम्रो संस्कृतिको महत्त्वपूर्ण विशेषता हो । त्यस्तै बुबाआमा गुरु र घरमा आएका पाहुनालाई देवतासरह मान्नु र आदर सत्कार गर्नु पनि नेपाली संस्कृतिको विशेषता मानिन्छ ।

**१७. नेपालमा संस्कृतिका नाममा देखिएका विकृतिहरूको उदाहरणसहित विवेचना गर्नुहोस् ।**

**उत्तर:** हिजोआज नेपालका संस्कृतिका नाममा थुप्रै विकृतिहरू देखा परिहेका छन् । मानिसका भलाइका लागि अपनाइने संस्कृतिमा विकृतिहरू भित्रिनु शोभनीय होइन । संसारले धेरै फड्को मारिसकेको भए पनि हाम्रो संस्कृतिमा विकृतिले प्रवेश पाएका कारण हामीले आशातीत प्रगति गर्न सकेका छैनौँ । नेपाली समाजलाई आज चारैतिरबाट विकृतिले गाँजिरहेका छन् । यसबाट उम्किन सकिएन भने नेपाल र नेपाली संस्कृतिमा थुप्रै सङ्कटहरू आइलाग्न सक्छन् ।

नेपालमा संस्कृतिका नाममा देखिएका विकृतिमध्ये अन्धविश्वास प्रमुख मानिन्छ । नेपाली समाजमा अन्धविश्वासले अझै जरो गाडेको छ । त्यसले दिन प्रतिदिन विकृतिको रूप लिइरहेको छ । दाइजो, तिलक, बोक्सी, छुवाछुत, बलिप्रथा, छौपडी प्रथा आदि अन्धविश्वासकै परिणति हुन् । यही अन्धविश्वासले गर्दा समाजमा अनेक विकृति बढिरहेका छन् । अन्धविश्वासको पछि लाग्दा समाजले गति लिन सक्दैन र समाज झन् विकृत बन्दै जान्छ । यस्तै विभेद, शोषण, उत्पीडनको संस्कृति पनि आज नेपाली संस्कृतिमा मौलाएको छ । यसले समाजलाई एकताबद्ध र सद्भावतर्फ डोऱ्याउनुको सट्टा विखण्डनतर्फ उन्मुख गराइरहेको छ ।

आज नेपाली समाजमा घुसखोरी, भ्रष्टाचार गर्ने प्रवृत्ति बढ्दो क्रममा छ । त्यस्तै अर्कालाई दुःख दिएर वा नराम्रो काम गरेर धनी बन्ने चाहना पनि मौलाइ रहेको छ । पूजाआजा, चाडपर्व, जन्म, विवाह, मृत्यु आदिमा तडकभडक गर्ने र अनावश्यक खर्च गर्ने प्रवृत्तिले प्रश्रय पाएको छ । यस्ता धार्मिक र सांस्कृतिक उत्सवहरूमा आडम्बर देखाउने, मादक पदार्थ सेवन गर्ने, जुवा, तास खेल्ने, झगडा गर्ने जस्ता प्रवृत्तिहरू पनि देखिन थालेका छन् । यस्ता विकृतिहरू नेपाली समाजमा व्यापक बन्दै गएका छन् । संस्कृतिका नाममा देखिएका यस्ता विकृतिहरूले नेपाली समाजलाई प्रगतितर्फ भन्दा अधोगतितर्फ धकेलिरहेको छ ।

puspas.com.np

**१८. 'देशभक्ति' शीर्षकमा एउटा अनुच्छेद रचना गर्नुहोस् ।**

**उत्तर:** देश र भक्ति शब्दको योगबाट निर्मित देशभक्ति शब्दले आफ्नो भूभाग र त्यस भूभागमा बसोबास गर्ने जनसमुदाय, ती जनसमुदायका संस्कृति भाषा र परम्पराप्रति भक्ति वा प्रेम भन्ने अर्थ दिन्छ । देशभक्तिको भाव हरेक मानिसमा सङ्लो, स्वच्छ र पवित्र रूपमा रहेको हुन्छ । हरेक देशभक्तले देशलाई सङ्कट परेका बेला आत्मबलिदान दिएर देशको रक्षा गर्छ । देशको माटोको रक्षाका साथसाथै देशबासीका प्रजातान्त्रिक हक र अधिकारको प्राप्तिको मार्गमा लाग्दा कैयौं सपूतहरूले हाँसी हाँसी फाँसीको माला वरण गरेका छन् । नेपालीहरूले आफ्नो देश, जाति र संस्कृतिका रक्षाका लागि ठुल्ठुला युद्ध लडेका छन् । देशभक्ति एउटा पवित्र भावना हो । यस्तो भावना सबै देशबासीमा जागृत हुनु आवश्यक छ ।

**१९ 'मानव सभ्यताको संरक्षण' भन्ने शीर्षकमा सर्वप्रथम शिक्षकबाट बुँदाहरू प्राप्त गर्नुहोस् र ती बुँदालाई समेटेर निबन्ध लेख्नुहोस् ।**

**उत्तर:**

**बुँदाहरू**

(क) मानवबाट सभ्यताको विकास भएको,

(ख) मानवले सभ्यताको विकासक्रममा लामो समय बिताएको,

(ग) मानवले भाषा प्राप्त गरेपछि कला, संस्कृति आदिको विकास गरेको,

(घ) मानवले आफ्नो सभ्यताको संरक्षण गर्दै आएको,

(ङ) सभ्यताको संरक्षणमा ध्यान नदिँदा समस्याहरू देखिएका,

(च) हरेकले आफ्नो सभ्यताको संरक्षणमा ध्यान दिनुपर्ने,

**मानव सभ्यताको संरक्षण**

मानव भनेको मानिस, नर वा मान्छे र सभ्यता भनेको असल आचरण भएको व्यक्तिमा हुने गुण, शिष्टता, भद्रता, भलादमीपन, सभ्यचाला वा मिजासिलोपन भन्ने बुझिन्छ । यस्तै संरक्षण शब्दको अर्थ कुनै वस्तु, व्यक्ति आदिको रक्षा गर्ने काम, हिफाजात, जगेर्ना भन्ने हुन्छ । अर्थात् मानिसले सिर्जना गरेको कुरालाई असल मनसायका साथ रक्षा गर्नु वा हिफाजात गर्नु नै 'मानव सभ्यताको संरक्षण' भन्ने शीर्षकको अर्थ निस्कन आउँछ ।

मान्छेले नै सभ्यताको विकास गरेको हो । आफ्नो सभ्यताको विकासमा उसले हजारौं वर्ष बिताइसकेको छ । उसले आफ्नो अस्तित्व कायम गर्न नीति, नियमहरू निर्माण गऱ्यो । त्यसलाई पालना गर्ने विधि बनायो । आचरण र व्यवहारका सीमाहरू तोक्यो । तिनै सीमाभित्र रहेर आफ्ना आचरण र व्यवहारहरू सम्पादन गर्दै गयो । मानव सभ्यताको विकासमा भाषाको प्राप्ति महत्त्वपूर्ण घटना बन्न पुग्यो । भाषाकै कारण मान्छेका व्यवहारहरू सरल र सहज बन्दै गए । त्यसपछि मान्छेले आफ्नो सभ्यतालाई सुरक्षित गर्न दीर्घकालसम्म जीवित राख्ने हेतुले कला, संस्कृतिको विकास गऱ्यो । आफूले विकास गरेका नीति, नियमदेखि कला, संस्कृति आदिको विकास र संरक्षणमा पनि मान्छेले ध्यान दियो । मान्छेले ध्यान दिएकै कारण हजारौं वर्षदेखिको कला, संस्कृति आज पनि जीवन्त रूपमा रहेको छ ।

मानव सभ्यताको इतिहासमा यदाकदा भाषा, धर्म, संस्कृति आदिका क्षेत्रमा समस्याहरू देखिएका छन् । मान्छेको आफ्नै अहङ्कार, अज्ञानता र अदूरदर्शिताका कारण यस्ता समस्याहरू देखिन्छन् । यसले मानव सभ्यतामा ठुलो धक्का पुऱ्याइरहेको हुन्छ । मानव आफ्नो कर्तव्यबाट विचलित हुँदा नराम्ररा कुराले प्रश्रय पाउँछ र आफैंले विकसित गरेका सभ्यतामाथि प्रहार गर्छ । यसले आफैंलाई नोक्सान गर्ने भएकाले सबैले यसतर्फ ध्यान दिनु आवश्यक छ । आफ्नो सभ्यताको संरक्षण गर्न सके मात्र मानवले कर्तव्य पालना गरेको ठहर्छ ।

सभ्यता मानवको गहना हो । यसले मान्छेलाई जीवित राख्ने काम गर्छ । आफैंले निर्माण गरेका सभ्यताको संरक्षण र संवर्धन गर्दै अघि बढ्नु आजको सभ्य मान्छेको परम कर्तव्य हो ।

puspas.com.np

२०. **'मेरो व्यवहार नै मेरो आचरणको ऐना हो' भन्ने शीर्षकमा बुँदा तयार पारी आत्मपरक निबन्ध रचना गर्नुहोस् ।**

**उत्तर:** (क) मेरो व्यवहार मेरो आचारणमा झल्किने,
(ख) मेरो आचरण शुद्ध, स्वच्छ र पारदर्शी हुनुपर्ने,
(ग) मेरो कथनी र करनीमा एकरूपता हुनुपर्ने,
(घ) सामाजिक, आर्थिक आदि व्यवहारमा तलमाथि नहोस् भनी ख्याल गर्ने गरेको,
(ङ) मेरो व्यवहार नै मेरो आचरणको ऐनाका रूपमा रहेको,

**मेरो व्यवहार नै मेरो आचरणको ऐना हो**

म एक सचेत प्राणी हुँ । मैले मेरो आचरण र व्यवहार के हो भन्ने बारेमा सधैं संवेदनशील हुनैपर्छ । मैले व्यवहारमा तलमाथि गरेका खण्डमा त्यो केही समय ढाकछोप भए पनि त्यो कुनै न कुनै बेला प्रकट भएर छाड्ने भएकाले मैले हरहमेसा सतर्क भएर व्यवहार गर्नु आवश्यक छ । म अरूसँग जुन व्यवहार गर्छु, त्यसबाट मेरो आचरण स्पष्ट रूपमा झल्किने गर्छ । त्यसैले मेरो व्यवहार नै मेरो आचरणको ऐना हो ।

मेरो व्यवहार घर परिवारदेखि समाज, राष्ट्र र अन्तर्राष्ट्रिय स्तरसम्म फैलिएको छ । म एउटा शिक्षित परिवारको शिक्षित मान्छे हुँ । मैले घर परिवारमा बुबाआमा, श्रीमती, छोराछोरी र आफन्तहरूसँग असल व्यवहार गर्नुपर्छ । यदि मैले सबै आफन्तजनसँग असल व्यवहार गरिनँ भने त्यसको प्रतिफल सबैले भोग्नुपर्छ । गलत मनसायले श्रीमतीसँग व्यवहार गर्दाको परिणाम कति दु:खान्त हुन्छ भन्ने कुरा समाजमा देखिएकै हो । त्यसैले म कुनै पनि हालतमा गलत व्यवहार गर्न चाहन्नँ ।

मेरो व्यवहार शुद्ध, सफा र पारदर्शी हुनुपर्ने कुरामा म स्पष्ट छु । मैले अलिकति पनि व्यवहारमा तलमाथि गरेँ भने त्यसको असर सम्पूर्ण परिवार र समाजमा पनि पर्छ । केही कुरा लुकाएर श्रीमति वा छोराछोरीसँग कुरा गरेँ भने त्यसको असर तत्कालै नदेखिए पनि दीर्घकालमा अवश्य देखिन्छ । त्यसैले म व्यवहार गर्दा कथनी र करनीमा कहिल्यै फरक पर्न दिन्नँ । मैले घर परिवारका अतिरिक्त सामाजिक, आर्थिक शैक्षिक जस्ता क्षेत्रमा व्यवहार गर्नुपर्छ । यी क्षेत्रमा काम गर्दा पनि मैले धेरै ख्याल गर्ने गरेको छु । मैले कसैलाई ढाँट्ने वा छल गरेँ भने त्यसले मलाई क्षणिक फइदा अवश्य होला तर त्यसको असर परिनै हाल्छ ।

मेरो व्यवहार नै मेरो आचरणको ऐना भएकाले मैले सधैं असल आचरण गर्नु आवश्यक छ । मेरा असल आचरणले घर, परिवार र समाजमा समेत असर पर्ने भएकाले त्यो शुद्ध र पारदर्शी हुनु जरुरी छ । मैले गरेको व्यवहार स्पष्ट रूपमा आचरणमा देखिने भएकाले यसको दीर्घकालीन असरको ख्याल गरेर मैले आफ्नो व्यवहार सञ्चालन गर्नु पर्छ भन्ने मलाई लाग्छ ।

## व्याकरण

१. **पाठबाट 'स' को प्रयोग भएका आठओटा शब्द छानेर लेख्नुहोस् ।**

**उत्तर:** सामूहिक, समुदाय, विश्वास, त्रास, सापेक्षता, सभ्यता, इतिहास, समय

२. **पाठबाट शब्दका सुरुमा स्वर वर्ण भएका ६ ओटा शब्द छानेर लेख्नुहोस् ।**

**उत्तर:** निम्ति, नियम, निर्धारित, चिन्तन, विज्ञान, भिन्नता

३. **निम्नलिखित शब्दमा आएका अक्षरहरूको संरचना देखाउनुहोस् :**
**व्यञ्जन, प्रक्रिया, दोलखा, विश्व विद्यालय**

**उत्तर:** व्यञ्जन : ब्यन्. जन्./ प्रक्रिया : प्र. क्रि.या./
दोलखा : दो.ल. खा./ विश्व : बिस्. स्व./
विद्यालय : विद् .द्या. ल. य./

pustakas.com.np

४. **तलको अनुच्छेदका रेखाङ्कित शब्दहरू द्वित्व हुन्, तिनलाई अभ्यास पुस्तिकामा सार्नुहोस् :**

*म सानैदेखि मनमनै पढ्ने गर्थे । मैले यसरी पढेको मेरी आमालाई चित्त बुझ्दैनथ्यो । उहाँ मलाई खाली पढ् पढ् मात्रै भनिरहनुहुन्थ्यो । भाइ चाहिँ घरघरै डुलिहिँड्थ्यो । ऊ साना साना केटाकेटी जम्मा गरेर बारीका कान्लै कान्ला हाम्फाल्थ्यो । बाँदर रूखरूखै दौडेको देखेर ऊ जिल्ल पर्थ्यो । भात खाने बेलामा ऊ साग साग भिकेर पहिल्यै भुइँमा राख्थ्यो । सानामा मलाई सेता सेता कपडा मन पर्थ्यो तर अहिले भने राता राता कपडा बढी मन मन पर्छ । भाइ चाहिँ सेता कपडा देख्यो कि ध्यार् ध्यार् च्यातिदिन्थ्यो ।*

उत्तर: मनमनै, पढ् पढ्, घरघरै, कान्लै कान्ला, रूखरूखै, साग साग, सेता सेता, राता राता, ध्यार् ध्यार्

५. **तलका द्वित्व शब्दलाई प्रयोग गरेर दुई दुई ओटा वाक्य निर्माण गर्नुहोस् :**
**बाघ बाघ, जुकैजुका, शङ्कैशङ्का, उँभो उँभो, मेवैमेवा, लमक लमक**

उत्तर:
बाघ बाघ - बालकले बाघ देख्नासाथ बाघ बाघ भन्दै करायो ।
चिडियाखानामा राजकुमार बाघ बाघ भन्दै उफ्रिन थाल्यो ।
जुकैजुका - म ओलाङचुङगोला जाँदा जुकैजुका भएका ठाउँमा हिँडेको छु ।
बाटामा हिँड्दा मलाई जुकैजुकाले सतायो ।
शङ्कैशङ्का - उसको जीवन शङ्कैशङ्कामा बित्यो ।
शङ्कैशङ्काले गर्दा रमेशले सम्बन्ध विच्छेद गऱ्यो ।
उँभो उँभो - तिमी बाटो हिँड्दा उँभो उँभो नहेर ।
स्याल कराउँदै उँभो उँभो लाग्यो ।
मेवैमेवा - सिन्धुलीको यात्रा गर्दा बाटामा मेवैमेवा मात्र खाइयो ।
आज अरू केही नखाई मेवैमेवा मात्र खाइयो ।
लमक लमक - चितवनको सौराहामा हात्ती लमक लमक हिँडेको देख्न पाइन्छ ।
आहारा देखनासाथ हात्ती लमक लमक गर्दै आयो ।

६. **तल समास प्रक्रियाबाट समस्त शब्दनिर्माण हुने प्रक्रिया दिइएको छ । तिनलाई उत्तरपुस्तिकामा सार्नुहोस् :**

| | समस्त शब्द | निर्माण प्रक्रिया (विग्रह) |
|---|---|---|
| १. | भोलिपर्सि | भोलि पर्सि |
| | तलमाथि | तल माथि |
| | घरमाथि | घर माथि |
| | डाँडापारि | डाँडा पारि |
| २. | साहुमारा | साहुलाई मार्ने |
| | ज्यानमारा | ज्यानलाई मार्ने |
| | बाढी पीडित | बाढीले पीडित |
| | डर छेरुवा | डरले छेरुवा |
| | पूजाकोठा | पूजालाई कोठा |
| | घरखर्च | घरलाई खर्च |
| ३. | बुढोपाको | बुढो पाको |
| | रातोपिरो | रातो पिरो |
| | रातीगेडी | राती गेडी |
| | कालीमाटी | कालो माटो |
| | भान्दाइ | भानिज दाइ |
| ४. | दोबाटो | दुई बाटोको समूह |
| | चतुर्भुज | चारओटा भुजाको समूह |

puspas.com.np

| | | |
|---|---|---|
| | षट्कोण | छ ओटा कोणको समूह |
| | सप्तर्षि | सात ऋषिको समूह |
| | नवरत्न | नौ रत्नको समूह |
| ५. | बुबाआमा | बुबा र आमा |
| | सागपात | साग र पात |
| | दुःखसुख | दुःख वा सुख |
| | हातखुट्टा | हात पनि खुट्टा पनि |
| | पापपुण्य | पाप वा पुण्य |
| ६. | चरीनङ्ग्रे | चराका जस्ता नङ्ग्रा छन् जसका |
| | माछ्रापुच्छ्रे | माछ्राको जस्तो पुच्छर छ जसको |
| ७. | लामकाने | लामा कान छन् जसका |
| | हात्ती पाइले | हात्तीका जस्ता पाइला छन् जसका |

उत्तर: समास प्रक्रियाबाट निर्मित समस्त शब्दहरूलाई विद्यार्थीले आफ्ना उत्तरपुस्तिकामा सार्ने ।

**७. पाठबाट पाँचओटा समस्त शब्द टिप्नुहोस् ।**

उत्तर: चाडपर्व, राजनीति, रीतिरिवाज, जीवन संस्कार, बलिप्रथा

**८. तलका समस्त शब्दलाई विग्रह गर्नुहोस् ।**

**बाघमारा, दोबाटो, डाँडा पारि, चरिचुच्चे, सानिमा, दुधभात**

उत्तर: बाघमारा - बाघलाई मार्ने
दोबाटो - दुई बाटाको समूह
डाँडापारि - डाँडा पारि
चरिचुच्चे - चराका जस्ता चुच्चा छन् जसका
सानिमा - सानी आमा
दुधभात - दुध र भात

**९. तलका शब्दको समास गर्नुहोस् :**

**लामो खुट्टा भएको, चन्द्रमाको जस्तो मुख भएको, जीवनरूपी सूत्र, तामाको खानी**

उत्तर: लामो खुट्टा भएको - लामखुट्टे
चन्द्रमाको जस्तो मुख भएको - चन्द्रमुख
जीवनरूपी सूत्र - जीवनसूत्र
तामाको खानी - तामाखानी

**१०. उदाहरणमा दिए जस्तै गरी तलका शब्दको लघुतावाची (सानो बुझाउने) शब्द बनाउनुहोस् :**

**उदाहरण : कोदालो-कोदाली, थाल-थाली**

**डालो, कुचो, कचौरो, चिम्टा, लोहोरो, लौरो, नाङ्लो, लोहोटा, गेडो, ठेको, गाग्रो, चोलो**

उत्तर:

| | |
|---|---|
| डालो - डाली | कुचो - कुची |
| कचौरो - कचौरी | चिम्टा - चिम्टी |
| लोहोरो - लोहोरी | लौरो - लौरी |
| नाङ्लो - नाङ्ली | |
| लोहोटा - लोहोटी | |
| गेडो - गेडी | |
| ठेको - ठेकी | |
| गाग्रो - गाग्री | |
| चोलो - चोली | |

puspas.com.np

११. **उदाहरणमा दिए जस्तै गरी तलका शब्दको समूहवाचक शब्द लेख्नुहोस् :**

**उदाहरण : अङ्गुर - झुप्पो, भेडा - बगाल, कमिला - ताँती**

**मकै, फुल, मानिस, सिपाही, बारुला, बाँस, नोट, माहुरी, केरा, पराल, दाउरा, पर्वत**

उत्तर: मकै - हार

फुल - माला

मानिस - हुल

सिपाही - गण

बारुला - गोलो

बाँस - झाँङ

नोट - बिटो

माहुरी - गोलो

केरा - घरी

पराल - गुजुल्टो

दाउरा - चाङ

पर्वत - श्रेणी

१२. **तल सिङ्गो शब्दका केही उदाहरण दिइएको छ, तपाईं पनि त्यस्तै सिङ्गा शब्दहरू खोजेर लेख्नुहोस् :**

**अभेद्य : भेदन गर्न नसकिने**

**अकाट्य : काट्न नसकिने**

**अजर : जो कहिल्यै बुढो हुँदैन**

**अमर : जो कहिल्यै मर्दैन**

**आस्तिक : ईश्वर र धर्ममा विश्वास गर्ने**

**नास्तिक : ईश्वर र धर्ममा विश्वास नगर्ने**

**कटुभाषी : नमिठो बोल्ने**

**दस वर्षको अवधि : दशक**

**कृतज्ञ : गरेको गुनको कदर गर्ने**

**कृतघ्न : गरेको गुनको कदर नगर्ने**

उत्तर: अगम्य - जान्न वा जान नसकिने

अनुपम - उपमा नभएको

अविनाशी - कहिल्यै नाश नहुने

आशुकवि - तुरुन्त कविता लेख्न सक्ने कवि

कटुभाषी - कठोर वचन बोल्ने

नेपथ्य - नाचघरको पर्दापछाडिको भाग

पुङमाङ - दुवैपट्टि खुला भएको ढुङ्ग्रो

लमी - विवाहमा केटाकेटीको कुरा मिलाइ दिने व्यक्ति

सर्वज्ञ - सबै कुरा जान्ने

हन्तकाली - जति खाए पनि नअघाउने

## सिर्जनात्मक अभ्यास | पेज ८८

pushpas.com.np

**तपाईंले मनाउने कुनै एउटा सांस्कृतिक पर्वका बारेमा २०० शब्दसम्मको निबन्ध लेख्नुहोस् ।**

**उत्तर:**

### मलाई मन पर्ने चाड तिहार

मलाई नेपालका थुप्रै चाडपर्वहरू मन पर्छन् । तीमध्ये सबभन्दा बढी मन पर्ने चाड तिहार हो । सङ्घर्षले भरिएको मेरो जीवनको कथाभित्र केही रमणीय क्षणहरू पनि आएका छन् । काला घनघटाका बिचबाट कहिलेकाहीँ झिलिक्क बिजुली चम्किन्छ । सङ्कटै सङ्कटका बिचमा कहिलेकाहीँ आनन्द र खुसीको सञ्चार पनि मभित्र भएको छ । तिहारले मेरा कैयौँ दुःखलाई बिर्साइ दिइएको छ र दुःखसँग सुखलाई साटिदिएको छ ।

म तिहारलाई अत्यन्त उत्साहका साथ मनाउने गर्छु । मलाई मन पर्ने चाड तिहार कार्तिक कृष्णपक्षको त्रयोदशी तिथिदेखि कार्तिक शुक्ल पक्षको द्वितीया तिथिसम्म मनाइन्छ । पाँच दिन सम्म मनाइने मलाई मन पर्ने चाडको पहिलो दिन काग तिहार, दोस्रो दिन कुकुर तिहार, तेस्रो दिन गाई तिहार, चौथो दिन गोरु तिहार र पाँचौँ दिन भाइतिहार पर्छन् । पाँच दिनसम्मको यस अवधिलाई यमपञ्चक पनि भनिन्छ । यी पाँचै दिन म मेरा घरमा दीपावली गर्छु तापनि औँसीको साँझ वा गाईतिहारको साँझ लक्ष्मीको पूजा गर्ने समयमा भव्यताका साथ बत्ती बाल्दै लक्ष्मीको पूजा गर्छु । लक्ष्मीको पूजासँगै सेलरोटी पकाएर धेरै मगमग बास्ना आइरहँदा र भैलिनीहरू आई आँगनमा नाच्न थाल्दा मेरो उमङ्ग र खुसीको सीमा रहन्न ।

शरद् ऋतुको बैंस मुस्कुराएको महिना अर्थात् कार्तिक महिनामा पर्ने तिंहार मलाई मात्र होइन, अधिकांश नेपालीलाई मन पर्छ जस्तो लाग्छ । यो चाड मनाउन कसैलाई कुनै प्रकारको बाधा छैन । लक्ष्मीको पूजा, भाइटीका जस्ता पर्वहरू यसै चाडमा मनाइन्छन् । थिनलाई मनाउन कुनै पनि धर्म, संस्कृतिले बन्देज गर्दैन । त्यसै कारण पनि मलाई यो चाड मन पर्छ ।

तिहारको अन्तिम अर्थात् पाँचौँ दिन भाइतिहारले मलाई सधैँ उत्साहित बनाउने गर्छ । यस दिन दिदीबहिनीले नवरङ्गी टीका सहित विभिन्न परिकारका मिठाइहरू खान दिँदा यस्तो चाड सधैँ मनाउन पाइयोस् भन्ने लाग्छ । दिदी बहिनीलाई पनि पैसा, लुगा आदि दिन पाउँदा खुसीको सीमा रहन्न ।

यस चाडका सबै पक्षहरू मलाई मन पर्ने भए पनि जुवातास खेल्ने, मादक पदार्थ सेवन गरी होहल्ला गर्ने र आफ्नो संस्कृतिलाई भन्दा विकृतिलाई प्रश्रय दिने युवाहरूका क्रियाकलाप मलाई पटक्कै मन पर्दैन । म विशुद्ध सांस्कृतिक चाडपर्वका रूपमा तिहार मनाउन पाइयोस् भन्ने चाहना पनि राख्छु ।

□□□

puspas.com.np

# THE END

If you liked this note, then please do share it with your friends and please subscribe to our **YouTube Channel**. Also, like and follow us on our **Facebook Page**.

## Class 10 Notes Collection

Now, it is easier to find notes of all chapters for Nepali subjects. Just click on the following button and you will get complete lists of chapters with links to notes. 😊

**Nepali**

Please email us at pdf-feedback@puspas.com.np if you have any suggestions or feedback.